
२०८२ साल पुस १६ गते बुधवार तदनुसार December 31,2025, बुधवार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. जग्गा रजिष्ट्रेसन पासको लागि अनुमति दिने सम्बन्धमा।
२. अन्तर स्थानिय तह सरूवा सहमति सम्बन्धमा।
३. संघीय समपूरक तथा विशेष अनुदान(२०८३/०८४)को योजना छनौट सम्बन्धमा।
४. स्वास्थ्य तथा प्राविधिक कर्मचारी विज्ञापन सम्बन्धमा।
५. व्याकुल माईला पर्यटन प्रवर्द्धन केन्द्र सञ्चालन सम्बन्धमा।
६. केत्तुके DPR तथा तिनकन्या पञ्चवती DPR Rivision सम्बन्धमा।
७. परिक्षा समिति गठन सम्बन्धमा।
८. विषयगत समिति गठन सम्बन्धमा ।
९. कानूनी अधिकृत सम्बन्धमा।
१०. ईन्टरनेट सम्झौता सम्बन्धमा।
११. IEE सम्बन्धमा।
१२. प्राकृतिक स्रोत संकलन तथा बिक्रीको राजश्व संकलन गर्ने सम्बन्धमा।
१३. महादेवस्थान मा.वि.हिलेपानी र राज्यलक्ष्मी मा.वि.उँबु,विधालय निर्माणको लागि भारतीय दुतावास अन्तर्गतको High Impact Community Development Projects(HICDPs)मा आवेदन दिने सम्बन्धमा।
१४. कार्यवाहक वडा अध्यक्ष सम्बन्धमा।
१५. आर्थिक सहायता सम्बन्धमा।
१६. कार्यपालिका बैठक प्रत्यक्ष प्रसारण गर्ने सम्बन्धमा।
१७. बैठक सञ्चालन कार्यविधि २०७९ संसोधन गर्ने सम्बन्धमा।
१८. गत आ.व.को योजना तथा कार्यक्रम समिक्षा सम्बन्धमा।
१९. केत्तुके स्वास्थ्य चौकी भवन सम्बन्धमा।
२०. लैङ्गिक समानता तथा सामजिक समावेशीकरण ५ वर्षे कार्ययोजना सम्बन्धमा।
२१. विविध सम्बन्धमा।



बैठकका निर्णयहरू:

निर्णय नं. १: श्री स्वर्णान्तराल आधारभूत विधालय,मानेभन्ज्याङ वडा नं. ७ टोक्सेलको माग निवेदन अनुसार सो विधालयलाई सोही वडा स्थायी ठेगाना भएको श्री करूणानिधी ढुंगानाको नाती श्री हरिप्रसाद ढुंगानाको छोरा वर्ष ८१ को ना.प्र.नं.५०३६/११८१को श्री तिल प्रसाद ढुंगानाको नाममा रहेको कित्ता नं.६७९ को ज.वि.(२-०-०-३) को जग्गाबाट(०-२-०-०) जग्गा खरिद गरिएको भनी निवेदन प्राप्त भएकोले आजको कार्यपालिका बैठकबाट सो आवश्यक क्षेत्रफल मालपोत कार्यालय,ओखलढुङ्गालाई सिफारिस गर्ने निर्णय पारित गरियो।

निर्णय नं. २: प्रदेश लोक सेवा आयोग कोशि विराटनगर नेपालको प.स २०८२/०८३ च.नं.६१४,मिति २०८२/०५/२३ को सिफारिस पत्रानुसार यस मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मानेभन्ज्याङ, ओखलढुंगामा मिति २०८२/०५/२५ गतेदेखि हाजिरी भई हाल सम्म कार्यरत रहुन भएका प्रशासन(सहायक पाँचौं) श्री रोशन गिरी र प्रदेश लोक सेवा आयोग कोशि विराटनगर नेपालको प.स २०८२/०८३ च.नं.११३ ,मिति २०८२/०५/०८ को सिफारिस पत्रानुसार यस मानेभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मानेभन्ज्याङ, ओखलढुंगामा मिति २०८२/०५/०९ गतेदेखि हाजिरी भई हाल सम्म कार्यरत रहुन भएका शिक्षा अधिकृत राजेन्द्र सिग्देललाई दोहोरो सहमतिका आधारमा निजलाई कोशी प्रदेशको स्थानिय सरकारी सेवा) गठन तथा सञ्चालन (ऐन, २०८० को दफा २४ को (४) बमोजिम देहायको आधार र कारण खुलाई निजले चाहेको प्रदेश स्थित अन्य स्थानिय तहमा सोहि पदको रिक्त पदमा सरुवा भई जान दिनका लागि सिफारिस सहित मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यलयमा लेखि पठाउने निर्णय सर्वसहमतिवाट पारित गरियो ।

देहाय:

१.यस कार्यलयमा प्रशस्त मात्रामा कर्मचारि रहेको र निज कर्माचारीले गर्दै आएको काम अन्य शाखाका कर्मचारीले गर्ने भएको हुंदा यस कार्यलयको सेवा प्रवाहमा कुनै असर नपर्ने ।

२. निजको स्वास्थ्य स्थिति कमजोर रहेको हुंदा घरपाएक सरुवा गरि पठाउनुपर्ने बाध्यता सिर्जना भएको।

निर्णय नं. ३: नेपाल सरकार राष्ट्रिय योजना आयोग,सिंहदरबार,काठमाडौको मिति:२०८२/०८/२६ गते प्रकाशित प्रदेश सरकार र स्थानीय तहमा आ.व.२०८३/८४मा कार्यान्वयन हुने सङ्घीय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमको प्रस्ताव माग भई आएको हुंदा यस मानेभन्ज्याङ गाउँपालिकाले साविकमै माग गरिएका आयोजनालाई नै स्वीकृत गरी गाउँपालिकाले बेहोर्नुपर्ने आबश्यक बजेटको समेत स्रोत सुनिश्चित्ता गरी कार्यक्रम प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४: यस मानेभन्ज्याङ गाउँपालिकाको कार्यालय प्राविधिक शाखा र कार्यालय अन्तर्गतका विभिन्न स्वास्थ्य चौकीहरूमा रिक्त रहेको तपशिलमा उल्लिखित दरबन्दी अनुसारको कर्मचारी तत्काल सेवा करारमा पदपूर्ती गर्ने र कृषि,पशु सातौं प्रदेश लोक सेवा आयोगमा माग गर्ने निर्णय गरियो।

तपसिल:

- क. मेडिकल अधिकृत – १(एक) जना
- ख. अ.हे.व – ३(तिन) जना
- ग. असिस्टेन्ट सब-ईन्जिनियर – २(दुई) जना
- घ. अमिन – १(एक) जना
- ङ. कृषि, सातौं -१(एक) जना
- च. पशु सातौं -१(एक) जना

निर्णय नं. ५: मानेभन्ज्याङ गाउँपालिका वडा नं. ६ लेखटार पार्कस्थित निर्माण गरिएका सटरहरू हाललाई प्रति सटर रू २०००।- का दरले बढाबढमा भाडामा लगाउने र अन्य थप व्यवस्थापन व्याकुल माईला पर्यटन प्रवर्द्धन केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं. ६: संघिय समपूरक अनुदान अन्तर्गत प्राप्त पर्यटन पूर्वधार कार्यक्रम कार्यन्वयन गर्नका लागि गौतम बुद्ध पार्क केत्तुकेको DPR तथा तिनकन्या पञ्चवती मन्दिरको DPR Revision अन्तिम चरणमा रहेकोमा सो कार्य सम्पन्न गरी बोलपत्र आव्हान गरी खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो।

निर्णय नं. ७: आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड,२०७६ को परिच्छेद-१ को दफा ३ को भएको व्यवस्था बमोजिम मानेभन्ज्याङ गाउँपालिका भित्रका विद्यालयका परीक्षालाई मर्यादित र विश्वसनीय बनाउनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख शिक्षा अधिकृत सातौं श्री राजेन्द्र सिग्देलको संयोजकत्वमा तपसिल बमोजिमको परीक्षा समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री राजेन्द्र सिग्देल, | शिक्षा अधिकृत सातौं, | संयोजक |
| श्री नेत्र बास्तोला | शिक्षक श्री राज्यलक्ष्मी मा.वि. उँबु | सदस्य |
| श्री हिरा कुमारी पोखरेल | शिक्षक श्री भगवती मा.वि. मानेभन्ज्याङ | सदस्य |
| श्री सूर्य बहादुर तामाङ | प्र.अ. श्री भिमसेनस्थान मावि केत्तुके | सदस्य |
| श्री पशुपति श्रेष्ठ | शिक्षक श्री हर्कपुर मा.वि. हर्कपुर | सदस्य |
| श्री महाजित राई | शिक्षक श्री राज्यलक्ष्मी मा.वि. उँबु | सदस्य |
| श्री खिलराज श्रेष्ठ | प्र.अ. श्री कालिका मा.वि. मोली | सदस्य |
| श्री भरत खतिवडा | प्राविधिक सहायक | सदस्य सचिव |

निर्णय नं. ८: मानेभन्ज्याङ गाउँपालिका भित्रका शिक्षकहरूको विषयगत रूपमा प्रश्नपत्र निर्माण, विषयगत रुपमा शिक्षकहरूलाई सहजिकरण गर्न तथा शिक्षा शाखा प्रमुखको मातहतमा रहि कार्यसम्पादन गर्नको लागि तपसिल बमोजिम रहने गरी विषयगत संयोजक तथा सहसंयोजक रहने गरी विषयगत समिति गठन गर्ने निर्णय गर्ने ।

तपसिलः

**नेपाली विषय**

श्री नेत्रहरी बास्तोला, मा.शि.तृ. राज्यलक्ष्मी मा.वि. उँबु - संयोजक

श्री दिलिप पहाडी, नि.मा.शि.तृ. हर्कपुर मा.वि. हर्कपुर - सहसंयोजक

सबै तहको शिक्षकको प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका नेपाली विषयका शिक्षकहरू ३ जना - सदस्य

**अंग्रेजी विषय**

श्री बुद्धि बहादुर राई, मा.शि.तृ. भगवती मा.वि. मानेभन्ज्याङ - संयोजक

श्री सूर्य बहादुर कटवाल, नि.मा.शि.तृ. राज्यलक्ष्मी मा.वि. उँबु - सहसंयोजक

सबै तहको शिक्षकको प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका अंग्रेजी विषयका शिक्षकहरू ३ जना - सदस्य

**गणित विषय**

श्री पशुपति श्रेष्ठ, मा.शि.तृ. हर्कपुर मा.वि. हर्कपुर - संयोजक

श्री प्रमेश्वर कुमार पंडित नि.शि.तृ. भिमसेनस्थान मा.वि - सहसंयोजक

सबै तहको शिक्षकको प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका गणित विषयका शिक्षकहरू ३ जना - सदस्य

CS CamScanner

**विज्ञान विषय**

श्री दिपक दाहाल, नि.मा.शि.तृ. हर्कपुर मा.वि. हर्कपुर - संयोजक

श्री रचना डाँगी, नि.मा.शि.तृ. भगवती मा.वि. मानेभन्ज्याङ - सहसंयोजक

सबै तहको शिक्षकको प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका विज्ञान विषयका शिक्षकहरू ३ जना - सदस्य

**सामाजिक विषय**

श्री खिलराज श्रेष्ठ, नि.मा.शि.तृ. कालिका मा.वि. मोली -संयोजक

श्री लोकनाथ ढुङ्गाना, नि.मा.शि.तृ. भगवती मा.वि. मानेभन्ज्याङ - सहसंयोजक

सबै तहको शिक्षकको प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका सामाजिक विषयका शिक्षकहरू ३ जना- सदस्य

विषयगत संयोजक र सहसंयोजकलाई यातायात खर्च वापत वार्षिक १५ लि. का दरले पेट्रोल उपलब्ध गराईनेछ ।

निर्णय नं. ९: यस गाउँपालिकाको स्वीकृत संगठन संरचना अनुसार कानून अधिकृत(सातौं तह) सेवा करारमा पदपूर्ती गर्ने निर्णय गरियो।

निर्णय नं. १०: ओखलढुंगा जिल्ला सिद्धिचरण नगरपालिका वडा नं. ४ मा मुख्य कार्यालय रहेको स्वीफ्ट नेट प्रा.लि. र ओखलढुंगा जिल्ला मानेभन्ज्याङ गाँउपालिकाको कार्यालय ओखलढुंगाको विभिन्न वडा तथा गाउँपालिका अन्तर्गत रहेका सरकारी कार्यालयहरुमा इन्टरनेट जडान,सेवा प्रदान र भुक्तानीका लागि सम्झौता बमोजिमको सर्त पालना नभएकाले उक्त स्वीफ्ट नेट प्रा.लि.सँगको सम्झौता रद्द गर्नुका साथै इन्टरनेट जडानका लागि गाउँपालिकाले उपलब्ध गराएका इन्टरनेट जडान सामग्री फिर्ता एवम सम्झौता बमोजिमको रकम स्वीफ्ट नेट प्रा.लि.ले गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला नगरेसम्म आ.व.२०८२/०८३ को बाँकी इन्टरनेट शुल्क भुक्तानी नहुने जानकारीको साथ पत्राचार गरी नयाँ सेवा प्रदायक कम्पनि नुम्बुर नेट प्रा.लि. सँग सम्झौता गर्ने निर्णय गरियो। निर्णय नं. १० मा मेरो फरक मत रहेको छ। (बिष्णु ...)

निर्णय नं. १० मा मेरो फरक मत छ। हेमराज राई

निर्णय नं. ११: मानेभन्ज्याङ गाउँपालिका वडा नम्बर ६ स्थित व्याकुल माईला लेखटार पार्कमा सामुदायिक वन भित्र विभिन्न संरचना निर्माण गर्नका लागि वातवरणीय परिक्षण गर्नु पर्ने भएको हुँदा प्रचलित कानून बमोजिम IEE गर्ने निर्णय गरियो।

निर्णय नं. १२: मानेभन्ज्याङ गाउँपालिकाको आ.व. २०८२/०८३को सुनकोशी तथा दुधकोशी नदीको विभिन्न घाटहरूबाट ढुङगा, गिट्टि,रोडा ग्राभेल तथा बालुवा उत्खनन तथा बिक्रीको राजश्व संकलन गर्ने कार्य सम्बन्धित नदीहरूको ठेक्का प्रक्रिया सम्पन्न गरी सम्झौता भइ कार्यदेश जारी नहुनजेलसम्मको लागि यसै गाउँपालिकाको दूधकोशी नदीको लागि वडा नं १(घाट-फस्कु),वडा नं.३(घाट रोम्दु खोला),वडा नं.६(घाट भडारे दोभान),वडा नं.७(घाट मोलुङ्ग दोभान र माझी गाउँ बगार )बाट सुनकोशी तथा दुधकोशी नदीको IEE २०७९ मा उल्लेख भएभन्दा नबढ्ने गरी कोशी प्रदेश सरकारको प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्क २०८२/०८३ बमोजिम प्रति ट्याक्टर(ढुंगा,गिट्टी,रोडा,ग्राभेल)-रू ८२५।- मु.अ. कर सहित प्रति टिफर(ढुंगा,गिट्टी,रोडा,ग्राभेल)-रू २१००।- मु.अ. कर सहित प्रति ट्याक्टर (बालुवा)-रू ७१५।- मु.अ. कर सहित प्रति टिफर(बालुवा)-रू १८२०।- मु.अ. कर सहितको दरले गाउँपालिकाबाट रसिद छपाई प्रमाणित गरी सम्बन्धित वडाहरूबाट जारी गर्ने र प्रति बिल काटेबाट रू १००।–दिने निर्णय सर्वसम्मत गरियो तथा उक्त प्राकृतिक स्रोतको मात्रको अनुगमन तथा निरिक्षण सम्बन्धित वडा कार्यालयबाट गर्ने गराउने निर्णय गरियो।साथै आ.व. २०८१/०८२ मा प्रति बिल काटे बापत प्रति बिल बराबर रू १०० दिने निर्णय गरियो।

निर्णय नं. १३: : महादेवस्थान मा.वि.हिलेपानी र राज्यलक्ष्मी मा.वि.उँबु,विद्यालय निर्माणको लागि भारतीय दुतावास अन्तर्गतको High Impact Community Development Projects(HICDPs)मा आवेदन दिने निर्णय गरियो।

निर्णय नं. १४: कुनै वडा अध्यक्ष अनुपस्थित रही वडा सदस्यलाई कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी दिईएको अवस्थामा मानेभन्ज्याङ गाउँपालिकाको नियमित कार्यपालिका बैठकमा निजलाई आमन्त्रित सदस्यको रूपमा उपस्थित गराउने निर्णय गरियो।

निर्णय नं. १५: (क) यस मानेभन्ज्याङ गाउँपालिका वडा नं.२ निवासी प्रेम बहादुर कार्कीको छोरा कुल बहादुर कार्कीलाई क्यानसर रोग,वडा नं.४ निवासी सिंहबिर लामाको छोरा भाइकाजी तामाङ्ग अलसर रोग र वडा नं.४ निवासी पत्र बहादुर राईको छोरा उत्र धन राई हाल विरेन्द्र अस्पताल काठमाडौमा उपचरात रहेको र निजले गाउँकार्यपालिकाको कार्यालयमा आर्थिक सहायताको लागि निवेदन माग भई आएको हुँदा आजको कार्यपालिका बैठकबाट छलफल गरी तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

तपसिल:

| क्र.स | नाम,थर | ठेगाना | सहयोग रकम(रू) |
|---|---|---|---|
| १ | कुल बहादुर कार्की | मानेभन्ज्याङ गाउँपालिका,वडा नं.२ | १००००।- |
| २ | भाईकाजी तामाङ | मानेभन्ज्याङ गाउँपालिका,वडा नं.४ | १००००।- |
| ३ | उत्र धन राई | मानेभन्ज्याङ गाउँपालिका,वडा नं.४ | १५०००।- |

(ख) यस मानेभन्ज्याङ गाउँपालिका वडा नं.३,उँबुमा बाम्बुले राईहरूको सांस्कृतिक पर्व ढवाङ्खुम र वडा नं. ५,मानेभन्ज्याङमा मगर जातिहरूले मनउने मगर दिवसका लागि तपसिल बमोजिमको आर्थिक सहायता आजको कार्यपालिका बैठकबाट छलफल गरी उपलब्ध गराउने निर्णय गरियो।

| क्र.स | कार्यक्रमको नाम | ठेगाना | सहयोग रकम(रू) |
|---|---|---|---|
| १ | ढवाङ्खुम पर्व | मानेभन्ज्याङ गाउँपालिका,वडा नं.३ | १,५०,०००।- |
| २ | मगर दिवस | मानेभन्ज्याङ गाउँपालिका,वडा नं.५ | १,००,०००।- |

निर्णय नं. १६: यस मानेभन्ज्याङ गाउँपालिका,गाउँकार्यपालिकाको ७०औं बैठकबाट नियमित कार्यपालिका बैठक गाउँपालिकाको आधिकारिक फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण गर्ने निर्णय गरियो।

निर्णय नं. १७: मानेभन्ज्याङ गाउँपालिकाको बैठक सञ्चालन कार्यविधि २०७९ माथि छलफल गरी आवश्यक संसोधित विषयहरू आगामी ७० औं बैठकमा गरी पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १८: गत आ.व.मा कार्यन्वयन हुन नसकेका कार्यक्रम तथा योजनाहरू शाखागत कर्मचारीबाट ७० औं कार्यपालिकामा पेश गरी समिक्षा गर्ने निर्णय गरियो।

निर्णय नं. १९:केत्तुके स्वास्थ्य चौकी भवनको भुक्तानी सम्बन्धमा कानूनी सल्लाहकारको पहलमा आवश्यक कानूनी परामर्श गरी सो परामर्शका आधारमा भुक्तानी दिने प्रकृया अगाडी बढाउने निर्णय गरियो।

CamScanner

निर्णय नं. २०: मानेभन्ज्याङ गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८० कार्यान्वयनका लागि तयार गरिएको पाँच वर्षे विस्तृत कार्ययोजना(२०८२/०८३-२०८६/०८७) पारित गर्ने निर्णय गरियो।

निर्णय नं. २१:

क.यस गाउँपालिका अन्तर्गत कार्यन्वयन हुने ईन्जिनियरिङ्ग तथा वातावरणीय अध्ययनका लागि परामर्श सेवा लिनुपर्ने हकमा सम्बन्धित संघिय सरकार, प्रादेशिक सरकार,स्थानीय सरकार तथा सम्बन्धित निकायहरूले तयार गरेको नीति,नियम,मापदण्ड तथा कार्यविधिहरूको आधारमा कार्यन्वयन गर्ने निर्णय गरियो।

ख. मानेभन्ज्याङ गाउँपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री विष्णु बहादुर तामाङको अध्यक्षतामा बसेको बैठकका निर्णयहरू कार्यन्वयन गर्ने निर्णय गरियो।

ग.बाँस ट्रिट्मेन्ट तालिममा सहभागी हुन गाउँपालिकाबाट २(दुई)जना प्रशिक्षार्थीलाई ग्रिन गोल्ड सोलुसन,सुन्दरहरैंचा -४,मोरङमा पठाउने निर्णय गरियो।

निर्णय नं. १० मेरो फरक मत रहेको छ। (विष्णु बहादुर तामाङ)

निर्णय नं. १० मा मेरो फरक मत रहेको छ। जितेन्द्र राई

निर्णय नं. १० मा मेरो फरक मत रहेको छ। देवराज राई

निर्णय नं. १० मा मेरो फरक मत रहेको छ। रामप्रसाद राई

निर्णय नं. १० मा मेरो फरक मत रहेको छ। [illegible]

कृष्ण